लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

पत्र संख्याः ०८०।८१
सूचना नं. ०१

मितिः २०८०।०८/२७

# प्रस्ताव आव्हान सम्बन्धि सुचना

## प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०८/२७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक बर्ष २०८०/८१ को तपशिल बमोजिमका बार्षिक स्वीकृत कार्यकम कृषि तथा पशुपन्छी बिकास कार्यक्रमा संचालन कार्यविधि,२०८० बमोजिम संचालन गर्न इच्छुक कृषक/सुमह/सहकारी//निजी फर्म/उपभोक्ता समिती/उलमी/कम्पनीहरुलाई लक्षित गरी आजको मितिले २१ दिन भित्र ( मिति २०८०/०९/१७ गते सम्म ) कार्यालय समयमा रु.१० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यबिधि यस कार्यालयको वेवसाइट ***www.banke.vethos.gov.np*** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल

| क. स. | कार्यक्रम | न्यूंनतम मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापाहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | नयाँ पोखरी निर्माण कार्यक्रम | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने<br>• तराईको हकमा कम्तीमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० बर्षको करार सम्झौता हुनु पर्ने<br>• पोखरीको गहिराई कम्तीमा १.२ मिटर हुनुपर्ने । | • कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नु पर्ने । | बाँके जिल्ला | • अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु ५ लाख (पहाडी जिल्लामा रु ७.५ लाख) मध्ये जुन कम हुन आउँछ । |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | दुध संकलन केन्द्र स्थापना (डुडूवा) | • साझेदारीमा दुग्ध सहकारी/समुह/समिति/ निजी उद्यमी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रुपमा पहाडमा कम्तीमा ५०० लिटर र तराईमा कम्तीमा १००० लिटर दुधको कारोवार गरिरहेको हुनपर्ने । | • दुध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• चिलिङ भ्याट, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर , डिप फ्रिज, प्रशोधन उपकरण, जेनेरेटर आदि खरिद । | बाँके जिल्ला डुडुवा गा.पा.वडा नं. १ | • कुल लागतको निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा अधिकतम अधिकतम ७५ प्रतिशत । |
| ३. | गोठ सुधार कार्यक्रम (अभियानमुखी प्रांगारीक मिसन कार्याक्रम (कोहलपुर १४ ) | • निजी उद्यमी/समूह/सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम संचालन गर्ने<br>• प्रत्येक कृषकले न्यूनतम ५ वटा गाई/भैसी पालन गरेको हुनुपर्ने। | • गोठको भूई सुधार, दानापानी खुवाउने डुड निर्माण, छानो र मुत्र संकलन खाडल निर्माण | बाँके जिल्ला – कोहलपुर नगरपालिका वडा नं. १४ मात्र । | अधिकतम ५० प्रतिशत अनुदान<br>• प्रति कृषक घरधुरी अधिकतम रु. ७५ हजार<br>• प्रति समूह/सहकारी अहिकतम रु. १० लाख। |
| ४. | घाँसको स्रोत केन्द्र स्थापना | • कृषक/कृषक समूह/सहकारी /फर्म/कम्पनी मार्फत कार्यक्रम संचालन गर्नुपर्ने<br>• बर्षे र बहु बर्षे घाँसको बीउ उत्पादनको हकमा तराईमा ३ हेक्टर र पहाडमा कम्तीमा २ हेक्टर हुनुपर्ने<br>• घाँसको<br>• .सेट्स/सिलिप/सकार/कटिङग उत्पादनको हकमा कम्तीमा ०.५ हेक्टर हुनुपर्ने<br>• डाले घाँसको बिरुवा उत्पादनको हकमा कम्तीमा ०.२५ हेक्टर हुनुपर्ने<br>• अनुसूची १४ र १५ अनुसार घाँस खेती गरिएको हुनुपर्ने<br>• कम्तीमा ५ बर्ष संचालनको | • नर्सरी स्थापना, बीउ, सेट्स, स्लिप, सकार, कटिङग खरिद<br>• औजार उपकरण तथा अन्य उत्पादन सामग्री खरीद<br>• सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन<br>• कारोबारको अभिलेखीकरण<br>• अभिलेखीकरण र प्रतिवेदन | बाँके जिल्ला | • अधिकतम ७५ प्रतिशत अनुदान । |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रतिबद्धता हुनुपर्ने । | | | |
| ५. | उन्नत जातको बाखा पाठा वितरण | कार्यालयले निम्न मापदण्डको आधारमा स्थान र कृषकको छनोट गर्नुपर्ने:<br>• कम्तीमा २० सदस्यीय महिलाको (बाखा प्रवर्द्धन कार्यक्रमको हकमा मिश्रित समूह समेत) समूहमा कम्तीमा १०० वटा माउ बाखा पालेको हुनुपर्ने<br>• पशुहरुको बीमा गर्ने अभ्यास भएका समूहलाई प्राथमिकता दिनुपर्ने । | क) नस्ल सुधारका लागि बोका वितरण । | महिला एकता जागरण मंच – राप्तिसोनारी गा.पा.वडा नं. ६ | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी संचालन गर्ने<br>• अधिकतम ७५ प्रतिशत अनुदान। |
| ६. | गौशालामा आयमूलक कार्यक्रम | कार्यक्रम संचालनका लागि प्राविधिक समिति गठन गरी स्थानीय तहलाई पत्राचार गरी तपसिलको मापदण्ड बमोजिमका आशयपत्र माग गर्ने:<br>• संस्थागत रुपमा स्थानीयस्तरमा सामुदायिक पशुहरुको उद्धार तथा संरक्षण गर्ने उद्धेश्यले संचालन भएका गौशालामा कम्तीमा ५० पशुबस्तु पालेको हुनु पर्ने<br>• स्थानीय तहले गौशाला संचालनका लागि स्थान पहिचान गरी संचालनको स्वीकृति दिएको वा संचालनमा गरेको हुनुपर्ने छ<br>• गाईको लागि खानेपानी, चरन, घाँस खेतीको लागि उपयुक्त जमिन पर्याप्त हुनुपर्ने<br>• गौशाला संचालनको लागि लागत साझेदारी गर्ने स्थानिय तहमा कार्यक्रम संचालन | क) दुध/गहुत/गोवर को विविधिकरण प्रशोधन तथा बजारीकरणका लागि उपकारण/सामग्री खरिद,<br>ख) ट्रस निर्माण तथा भकारो सुधार, कम्पोष्ट पिट, गोवर ग्याँस निर्माण<br>ग) गोठमल/भर्मिक म्पोष्ट उत्पादन,<br>घ) खानेपानी व्यवस्थापन,<br>ङ) अन्य नविनतम प्रविधि र उपकरणहरु,<br>च) पशुको छनोट र प्रजनन (प्राकृतिक तथा कृत्रिम | बाँके जिल्ला | • कुल लागतको अधिकतम ९० प्रतिशत वा प्रति आयोजना अधिकतम रु १० लाख अनुदान। |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | तहमा कार्यक्रम संचालन प्राथमिकता दिनु पर्ने<br>• स्थानिय तहको समन्वयमा गौशाला संचालक वा व्यवस्थापनका लागि समिती मार्फत संचालन गरिनेछ । | छ) Waste Decomposer and Multiplication,<br>ज) प्रशोधित पिसावको प्रयोगशाला परीक्षण | | |
| ७. | मिट मार्ट स्थापना तथा संचालनमा सहयोग | • पशुपन्छी उत्पादन/बिक्रि वितरण गर्ने कार्यमा संलग्न समूह/सहकारी /फर्म हुनु पर्ने<br>• दैनिक ५०० कि.ग्रा. मासु आफ्नै उत्पादन वा दैनिक कम्तीमा १००० कि.ग्रा. मासुको कारोवार गरेको हुनु पर्ने<br>• मिट मार्ट स्थापनाको लागि दीर्घकालिन योजना सहित कम्तीमा ५ बर्ष संचालन गर्ने प्रतिवद्धता हुनुपर्ने । | • मासुको मूल्य अभिवृद्धि गर्न प्रशोधन र बजारीकरण सम्बन्धी भौतिक निर्माण, यन्त्र, उपकरण खरीद<br>• शोरुम, रैफ्रीजेरेशन एकाइ,<br>• एकाउण्टीङ/विलिङ प्राणाली स्थापना तथा सुधार,<br>• फोहो र व्यवस्थापन,<br>• अभिलेखीकरण र प्रतिवेदन । | बाँके जिल्ला | • कुल लागतको निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
वरिष्ठ मत्स्य विकास अधिकृत

संलग्न गर्नु पर्ने कागजातहरु:

१. निवेदन (अनुसुचि ३५ बमोनिम)।

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।

३. स्थायी लेखा नम्बर प्रमाण – पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृषक तथ कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।

५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार अनुसुचि ३८ बमोजिम) ।

६. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

१०.जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि,जग्गाको गत आ.ब.को कर चुक्ताको प्रमाण पत्र वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० बर्ष वा तोकिएको अवधिको) करार पत्र ।

११.तालिम/अनुभवको प्रमाण पत्रको प्रतिलिपी ।

नोट:- सूचनामा छुट हुन गएका बुदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्य बिधि २०८० मा भएको व्यवस्था बमोजिम हुनेछ ।साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा पर्न गएको भोलि पल्ट कार्यालय समयमा बिज्ञ केन्द्रमा पेश गर्न सकिनेछ ।

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
वरिष्ठ मत्स्य विकास अधिकृत